# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक,वैठक संख्या ९/०७८/०७९

आज मिति २०७८ साल माघ २७ गते बिहिबार दिउँसो ११:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | मृत्यु भएको |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | विक्रम नेपाली | वडा सदस्य का.वा. अध्यक्ष | 3 | |
| २. | [illegible] प्रसाद [illegible] | वडा सदस्य - 18 | 3 | |
| ३. | प्रेम बा० तामाङ | वडा [illegible] - 2 | ८ | |
| ४. | दिल बा० तामाङ | वडा सदस्य - | 2 | |
| ५. | श्री गणेश प्रसादखतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

## बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा:–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २२ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा:–**

यस भन्दा अघि मिति २०७८/१०/१८ गते कार्यपालिकाको बैठक बसेको थियो । उक्त १८ गते बसेको बैठकमा ७ वटा निर्णयहरू भएका थिए । उक्त बैठकवाट भएका निर्णयहरू मध्ये विविधको ङ नं. मा रामप्रसाद राई फाउण्डेशनलाई जग्गा उपलब्ध गराउने निर्णय बाहेक अरू सबै निर्णयहरू कार्यान्वयन भै सकेको पाईयो । उक्त फाउण्डेशनलाई उपलब्ध गराउने उपयुक्त जग्गा खोजिका क्रममा रहेकाले सो निर्णय कार्यान्वयन भएको भन्ने जानकारी प्राप्त भयो ।

३. **आर्थिक ऐन २०७८ को संशोधन सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत आर्थिक ऐन २०७८ को दफा १७ मा भएको छुट सम्बन्धी व्यवस्थाको १ को ४ मा संशोधन गरी नगरपालिकामा दाखिला गर्न बाँकी बहाल कर २०७८ आश्विन मसान्त सम्म दखिला गरी जरिवाना छुट दिने भनिएकोमा चैत्र मसान्त सम्म दाखिला गरे जरिवाना छुट हुने व्यवस्था गरी आगामी नगर सभामा पेश गर्ने ।

४. **विनियोजन ऐन २०७८ को संशोधन सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत विनियोजन ऐन २०७८ मा चालु आर्थिक वर्षका लागि अनुमान गरेको आन्तरीक आय अनुमानको तुलनामा संकलन ज्यादै न्यून भएको र अनुमान गरेकोजती संकलन हुने सम्भावना नरहेकाले आन्तरिक आयबाट खर्च हुने गरी स्वीकृत गरिएका कार्यक्रम तथा योजनाहरूमा १०% घटाएर आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. **सार्वजनिक सुनुवाई कार्यविधि २०७८ स्वीकृत सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट र मातहतका वडा कार्यालयहरुबाट समेत आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित बनाउँनका लागि मस्यौदा तयार भई कानून मस्यौदा तर्जुमा समितिबाट समेत सिफारिस भै पेश भएको सार्वजनिक सुनुवाई कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

६. **पदाधिकारीहरूको आचार संहिता २०७८ स्वीकृत सम्बन्धमा :–**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ मा भएको व्यवस्था अनुसार पदाधिकारीहरुको आचार संहिता तयार गरि लागु गर्नु पर्ने भएकाले कार्यालयबाट तयार भै कानून मस्यौदा समितिबाट समेत सिफारिस भै आएको धरान उपमहानगरपालिकाको पदाधिकारीहरुको आचार संहिता २०७८ स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७. **शिक्षा विधेयक २०७८ स्वीकृत सम्बन्धमा :–**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहहरुलाई प्रदान गरिएको आधारभुत तथा माध्यमिक शिक्षा लगायत शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन तथा संचालन गर्न आवश्यक शिक्षा ऐनको मस्यौदा कार्यालयबाट तयार भै कानून मस्यौदा समितिबाट समेत सिफारिस भै आएको शिक्षा विधेयक २०७८ लाई स्वीकृतगरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

साझेदारी विधेयक २०७८ कार्यालयबाट तयार भै कानून मस्यौदा समितिबाट समेत सिफारिस भै आएको सार्वजनिक नीजि साझेदारी विधेयक २०७८ आजको बैठकमा पेशभै छलफल गरियो । उक्त विधेयक आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

९. **धरान उपमहानगरपालिकाको कर्मचारीहरूको सेवाको गठन, सञ्चलन र सेवाका शर्तहरूको व्यबस्था गर्न बनेको ऐन २०७६ मा संशोधन सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको मिति २०७६।११।०३ को नगर सभावाट स्वीकृत कर्मचारीहरूको सेवाको गठन, सञ्चलन र सेवाका शर्तहरूको व्यबस्था गर्न बनेको ऐन २०७६ संशोधन गर्न आबस्यक भएकाले कार्यालयबाट पेश भएको संशोधन प्रस्तावलाई स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।संशोधित दफाहरु पछाडी पानामा टाँस गरी प्रमाणित गरिएको छ ।

**१०. विविध :–**

**क. खरिद गुरू योजना स्वीकृत सम्बन्धमा :–**

यस उपमहानगरपालिका क्षेत्रभित्र संघीय सरकारको विशेष अनुदान, धरान उपमहानगरपालिकाको समपूरककोषवाट व्यहोर्ने गरी र नगरपालिकाको आन्तरिक स्रोतवाट संचालनहुनेगरी स्वीकृत भएका बहु वर्षमा काम गर्ने गरी सम्बन्धीत महाशाखावाट पेश भएको योजनाहरूको खरिद गुरूयोजना स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत खरिद गुरूयोजना पछाडि टासगरी प्रमाणित गरिएको छ ।

**ख. नक्साहरू सूचिकृत गर्ने सम्बन्धमा :–**

धरान उपमहानगरपालिका क्षेत्र भित्र राष्ट्रिय भवन निर्माण संहिता २०६०, बस्ति विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ र यस उपमहानगरपालिकाको भवन तथा योजना मापदण्ड २०५६ (संशोधन २०७० ) अनुरूप निर्माण नभएका भवनहरूको हकमा भवन निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउन कानूनत नसकिने भएकाले धरैजसो निर्मित भवनहरू नक्सापासको दायरामा नआई राजश्व समेत गुमी रहेकाले सो अबस्थालाई मध्यनजन गर्दै त्यस्ता प्रकारका भवनहरूलाई सूचिकरण गरी राजश्वको दायरामा ल्याउने निर्णय गरियो ।सूचिकरण प्रमाणपत्रको नमूना पछाडि टासगरी प्रमाणित गरिएको छ।

**ग. धरान १७ स्थित ठकुरी खोलाको मापदण्ड सम्बन्धमा :–**

धरान १७ स्थीत ठकुरी खोलाको मापदण्ड कायमका लागि सम्बन्धित वडाबाट सिफरिस भै आएकोमा वडाको सिफारिस र सम्बन्धित जग्गा धनीहरुको सहमतीको आधारमा उक्त खोलाको सरस्वती चौक देखि जंगल सम्मको मापदण्ड दुबै तर्फका जग्गा धनीहरुबाट १३/१३ फिट व्यहोर्ने गरी २६ फुट कायम गर्ने निर्णय गरियो ।

**घ. धरान १७ स्थीत डाँडा घोपामा निर्माण हुने घरहरुको नक्शा पास सम्बन्धमा ।**

धरान १७ स्थीत डाँडा घोपामा विमानस्थल निर्माण गर्ने भनिएका स्थानका जग्गाहरुमा कार्यपालिकाको निर्णयानुसार नक्शापास रोक्का रहेको हाल आएर उक्त स्थानमा एयरपोर्ट बन्ने नबन्ने कुनै निश्चित नभएको र नक्शापास रोक्का फुकुवा गरी पाउँ भनि स्थानीयवासीहरुको मागका आधारमा वडाबाट सिफारिस समेत भै आएको हुँदा उक्त स्थानको विमानस्थल निर्माण गर्ने प्रयोजनका लागि यतिइन कर्पोरेट प्रा.लि.ले खरिद गरेका जग्गाहरु बाहेका जग्गाहरुमा नियमानुसार पेश भएका घर नक्शाहरुको नक्शापास प्रक्रिया फुकुवा गरिदिने निर्णय गरियो ।

**ङ. सहयोग सम्बन्धमाः**

यस नगर क्षेत्रका बसोवास गर्ने नागरिकहरु गम्भिर रुपमा विरामी भै उपचारका लागि सहयोग माग भै पर्न आएको निवेदन साथै सम्बन्धित वडा कार्यालयबाट भएको सिफारिसको आधारमा तपसिल अनुसार उपचार सहयोग उपलब्ध गराउँने निर्णय गरियो ।

- भगवती कुवँर, धरान-१७, क्यान्सर रोग उपचार सहयोग रु. १५,०००/-

धरान उपमहानगरपालिका

योजना तथा ईन्जिनियरिंग महाशाखा

खरिद गुरु योजना

आ.व. २०७८।०७९

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | बार्षिक खरिद | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७८/७९ | दोस्रो वर्ष आ.व. ०७९/८० | तेस्रो वर्ष आ.व. ०८०/८१ | चौथो वर्ष आ.व. ०८१/८२ | पाँचौ वर्ष आ.व. ०८२/८३ | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | श्री पब्लिक मा.वि. फुस्रे, धरान १३ भवन निर्माण | ठेक्का | ५,९९,८९,२४७.६१ | १ | ईकाई दर | १,९१,००,०००.०० | ४,०८,८९,२४७.६१ | | | | संघीय सरकार विशेष अनुदान उपमहानगरपालि समपूरक कोष व्यहोर्ने गरी |
| २ | रेडक्रस चोक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती | ठेक्का | ८०,०००,०००.०० | | ईकाई दर | ६,५००,०००.०० | ७३,५००,०००.०० | | | | |
| ३ | सदनरोड सडक निर्माण, धरान ३ | ठेक्का | ४०,०००,०००.०० | | ईकाई दर | १५,०००,०००.०० | २५,०००,०००.०० | | | | |
| ४ | विभिन्न पार्कहरु | ठेक्का | १४,६००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | ४,६००,०००.०० | | | | |
| ५ | आपटार जाने बाटो कल्भर्ट निर्माण, धरान ५ | ठेक्का | ९,३००,०००.०० | | ईकाई दर | २,५००,०००.०० | ६,८००,०००.०० | | | | |
| ६ | तिनढुवाङ्गे लगायत अन्य करिडोर (८,१९,१२,९,१०,१,१३,१६) | ठेक्का | ८०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | ७०,०००,०००.०० | | | | |
| ७ | कार्यालय भवनको नया ब्लक निर्माण तथा कार्यालय भवनको मर्मत कार्य | ठेक्का | ६०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | ५०,०००,०००.०० | | | | |
| ८ | सभागृह पुनर्निर्माण, धरान ८ | ठेक्का | ८०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | ७०,०००,०००.०० | | | | |
| ९ | बी. पी. पार्क डीपीआर सहित निर्माण कार्य | ठेक्का | ४५,०००,०००.०० | | ईकाई दर | ३,५००,०००.०० | ४१,५००,०००.०० | | | | |
| १० | वडा कार्यालय भवन निर्माण (वडा नं. ११ । १२) | ठेक्का | ३०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | २०,०००,०००.०० | | | | |